**आकाशवाणी समाचार- नेपाली**

मितिः २३ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा ७१औँ राष्ट्रिय चलचित्र पुरस्कार प्रदान गर्नुहुनेछ।
२. केन्द्रीय गृहमन्त्री अमित शाहले आज गान्धीनगरको महात्मा मन्दिरमा स्टार्टअप कन्क्लेभ २०२५ को उद्घाटन गर्नुहुनेछ।
३. रक्षा मन्त्री राजनाथ सिंह र मोरक्कोका रक्षा मंत्री अब्देलतीफ लौदीईले रक्षा सहयोगको लागि एक समझौता ज्ञापनमा हस्ताक्षर गर्नुभयो।
४. सरकारले नेशनल सोसलिस्ट काउन्सिल अफ नागाल्याण्ड र यसका सबै गुटमाथि लगाइएको प्रतिबन्धलाई थप ५ वर्षका लागि बढाएको छ ।
५. हकी इन्डियाले मलेसियामा हुने सुल्तान जोहोर कपका लागि १८ सदस्यीय जुनियर पुरुष हक्की टोलीको घोषणा गरेको छ।

**फिल्म पुरस्कार**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा ७१औँ राष्ट्रिय चलचित्र पुरस्कार प्रदान गर्नुहुनेछ। सर्वोत्कृष्ट फिचर फिल्मको पुरस्कार हिन्दी चलचित्र '१२औ फेल'ले जितेका छन् भने सर्वश्रेष्ठ हिन्दी फिल्मको पुरस्कार कटहलले जितेका छन् । उत्कृष्ट अभिनेताको पुरस्कार 'जवान'का लागि शाहरुख खान र '१२ फेल'का लागि विक्रान्त मेसीले संयुक्त रुपमा जितेका छन् । अभिनेता, निर्देशक तथा निर्माता मोहनलाललाई सन् २०२३ को दादासाहेब फाल्के पुरस्कार प्रदान गरिने भएको छ ।

फिल्म 'मिसेस चटर्जी भर्सेस नर्वे'का लागि रानी मुखर्जीले उत्कृष्ट अभिनेत्रीको पुरस्कार जितिन् । सौम्यजित घोष दस्तीदारको निर्देशनमा बनेको फिल्म 'फ्लावरिङ म्यान'ले बेस्ट नन–फिचर फिल्मको पुरस्कार जित्नेछ । उत्कृष्ट निर्देशकको पुरस्कार पियुष ठाकुरलाई प्रदान गरिने भएको छ । 'गड भल्चर एण्ड ह्युमन' उत्कृष्ट डकुमेन्ट्री पुरस्कारका लागि छनोट भएको छ । हिंदी फिल्म 'रकी और रानी की प्रेम कहानी' लाई उत्कृष्ट पपुलर फिल्मको पुरस्कार प्रदान गरिने भएको छ । राष्ट्रिय, सामाजिक तथा वातावरणीय मूल्यमान्यताको उत्कृष्ट आचर फिल्मको अवार्ड सामबहादुर घोषित भएका छन् । तमिल फिल्म ' वथी 'का लागि जीभी प्रकाश कुमारले सर्वश्रेष्ठ संगीत निर्देशनको पुरस्कार जितेका छन् ।

बलिउड अभिनेत्री शिल्पा राव र पीवीएनएस रोहितलाई हिन्दी फिल्म जवान र तेलुगु फिल्म बेबीका लागी 'बेस्ट प्लेब्याक सिंगर'को पुरस्कार प्रदान गरिनेछ। मलयालम फिल्म पुकलम उत्कृष्ट सम्पादन पुरस्कारका लागि छनोट भएको छ। मराठी फिल्म 'नाल २' ले उत्कृष्ट बाल फिल्मको पुरस्कार प्रदान गरिनेछ। 'द केरला स्टोरी'ले बेस्ट सिनेम्याटोग्राफीको अवार्ड जितेको छ भने उत्पल दत्तालाई उत्कृष्ट फिल्म समीक्षकको अवार्ड प्रदान गरिनेछ ।

**पीएम-उज्ज्वला**

नवरात्रिको पहिलो दिन अर्थात् हिजोदेखि सरकारले २५ लाख नयाँ योग्य परिवारहरूलाई नि:शुल्क पीएम उज्ज्वला कनेक्शन दिने निर्णय गरेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले आजदेखि उज्ज्वला परिवारमा सामेल हुने सम्पूर्ण आमा तथा दिदीबहिनीहरूलाई शुभकामना दिनुभएको छ । एक सोशल मीडिया पोस्टमा प्रधानमन्त्रीले सरकारको यो कदमले आफूलाई यस शुभ पर्वमा नयाँ खुशी मात्र नभई महिला सशक्तिकरणको सङ्कल्पलाई पनि बलियो बनाउने बताउनु भएको छ।

बाईट

**अमित शाह-स्टार्टअप कॉन्क्लेव**

केन्द्रीय गृहमन्त्री अमित शाहले आज गान्धीनगरको महात्मा मन्दिरमा स्टार्टअप कन्क्लेभ २०२५ को उद्घाटन गर्नुहुनेछ। दुई दिने कार्यक्रम गुजरात सरकारको शिक्षा विभागले आयोजना गरेको हो । उद्घाटन समारोहमा मुख्यमन्त्री भूपेन्द्र पटेल र उच्च

तथा प्राविधिक शिक्षा मन्त्री ऋषिकेश पटेल पनि उपस्थित हुनेछन्। सम्मेलनमा १,००० भन्दा अधिक स्टार्टअप, ५,००० इनोभेटर, १०० औद्योगिक विज्ञ, ५० भन्दा बढी भेन्चर फण्ड र अग्रणी नीति निर्माताहरू सहभागी हुनेछन्। यसको उद्देश्य प्रारम्भिक चरणका उद्यमहरू र शीर्ष लगानीकर्ताहरू बीच अन्तर्क्रियालाई सहज बनाउनु हो, जहाँ ५० सर्टलिस्टेड स्टार्टअपहरूले विभिन्न क्षेत्रहरूमा आफ्ना विचारहरू प्रस्तुत गर्नेछन्। यस कार्यक्रममा २० राज्यका १७० भन्दा बढी स्टार्टअपहरू पनि समावेश हुनेछन्, जसमा स्टार्टअप इन्डिया, इलेक्ट्रोनिक्स र सूचना प्रविधि मन्त्रालय र इनोभेसन फर डिफेन्स एक्सिलेन्स-आईडीईएक्सद्वारा समर्थित स्टार्टअपहरू पनि समावेश छन्।

**राजनाथ - मोरक्को समझौता ज्ञापन**

रक्षा मन्त्री राजनाथ सिंह र मोरक्कोका रक्षा मंत्री अब्देलतीफ लौदीईले हिजो रबातमा रक्षा सहयोगको लागि एक समझौता ज्ञापनमा हस्ताक्षर गर्नुभयो। यस समझदारीपत्रले बढ्दो साझेदारीका लागि एक बलियो संस्थागत ढाँचा प्रदान गर्दछ भने रक्षा उद्योग, संयुक्त अभ्यास, सैन्य प्रशिक्षण र क्षमता निर्माणमा सहयोगको मार्ग प्रशस्त गर्नेछ।

दुवै नेताहरूले रक्षा उद्योगमा सहयोगलाई अझ गहन बनाउने निर्णय गरे भने  आतंकवाद-रोधी,, समुद्री सुरक्षा, साइबर सुरक्षा, शान्ति स्थापना अभियान, सैन्य औषधि र विशेषज्ञहरूको आदान-प्रदानलाई समेट्ने बृहत् मार्गचित्रमा सहमति जनाए। दुवै मन्त्रीहरूबिचको छलफलले भारत र मोरक्कोबीच लामो समयदेखिको मित्रतालाई अझ बलियो बनाउने साझा संकल्पलाई प्रतिबिम्बित गर्यो।

**जयशंकर-रूबियो**

विदेशमन्त्री डा. सुब्रमन्यम जयशंकरले संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा संयुक्त राष्ट्र संघको ८०औँ महासभाको अवसरमा अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँग भेटवार्ता गर्नुभयो। जयशंकर र रुबियोबीच यो यस वर्षको तेस्रो प्रत्यक्ष बैठक हो । उनीहरूले अन्तिम पटक  १ जुलाईमा वाशिंगटनमा क्वाड विदेश मन्त्रीहरूको बैठकको छेउछाउमा कुराकानी गरेका थिए।

**भारत-फ्रांस**

असैन्य परमाणु ऊर्जामा भारत-फ्रान्स विशेष कार्यबलको दोस्रो बैठक नयाँ दिल्लीमा सम्पन्न भयो। बैठकको सहअध्यक्षता विदेश सचिव विक्रम मिस्री र फ्रान्सका लागि युरोप तथा विदेश मन्त्रालयका महासचिव एनी मेरी डिकोटले गरेका थिए । विदेश मन्त्रालयले एक वक्तव्यमा भनेको छ, दुवै पक्षले गत वर्षमा भएका विभिन्न बैठक र परामर्शहरूमार्फत भएका प्रगतिहरूको विस्तृत समीक्षा गरेका छन्। दुवै पक्ष द्विपक्षीय असैनिक परमाणु सहयोगका प्रमुख पक्षहरूमा सम्पर्कमा रहन सहमत भएका छन्। उनीहरूले साना मोड्युलर रिएक्टरहरू र उन्नत मोड्युलर रिएक्टरहरू जस्ता उदीयमान प्रविधिहरूमा सहयोगको महत्त्वलाई पुन: पुष्टि गरे।

**एनएससीएन प्रतिबंध**

केन्द्र सरकारले नेशनल सोसलिस्ट काउन्सिल अफ नागाल्याण्ड (खापलांग) र यसका सबै गुट, शाखा र प्रमुख संगठनमाथि लगाइएको प्रतिबन्धलाई थप ५ वर्षका लागि थप गरेको छ । यो प्रतिबन्ध २८ सेप्टेम्बर  देखि ५ वर्षका लागि लागू हुनेछ । गृह मन्त्रालयको अधिसूचनामा उक्त संगठन भारतको सार्वभौमिकता र अखण्डता विरोधी गतिविधिमा संलग्न रहेको उल्लेख छ । उक्त संस्था अन्य आपराधिक गतिविधिमा पनि संलग्न रहेको बताइएको छ । मन्त्रालयले युनाइटेड लिबरेसन फ्रन्ट अफ आसाम–इन्डिपेन्डेन्ट, पिपुल्स रिभोलुसनरी पार्टी अफ कांगलीपाक-पीआरईपीएके र पिपुल्स लिबरेसन आर्मी–पीएलए जस्ता गैरकानुनी संगठनसँग पनि गठबन्धन गरेको जनाएको छ ।

**जीएसटी सुधार- खिलौने, कपड़ा**

नया पीढ़ीको वस्तु तथा सेवा कर (जीएसटी) सुधारका साथ मानिसहरूले अब यी परिवर्तनहरूको फाइदा लिन सक्छन्। हिजोदेखि लागू भएको नयाँ कर संरचना अन्तर्गत, जीएसटी परिषदले अप्रत्यक्ष कर व्यवस्थालाई ५ प्रतिशत, १२ प्रतिशत, १८ प्रतिशत र २८ प्रतिशतको चार तहको संरचनाबाट ५ प्रतिशत र १८ प्रतिशतको दुई-स्तरीय संरचनामा सरलीकृत गरेको छ। यी

सुधारहरूले धेरै वस्तु र सेवाहरूमा कर घटाएर मानिसहरूलाई राहत प्रदान गर्नेछ।

एक रिपोर्ट

**प्रधानमंत्री-रोश हशनाह**

प्रधान मन्त्री श्री नरेन्द्र मोदीले यहूदी समुदाय र इजरायलका जनतालाई यहूदी नयाँ वर्ष "रोश हशनाह"को अवसरमा बधाई दिनुभएको छ। एक सोशल मीडिया पोस्टमा श्री मोदीले नयाँ वर्षले सबैको जीवनमा शान्ति, आशा र सुस्वास्थ्य ल्याउने आशा व्यक्त गर्नुभएको छ।

**ज़ुबीन -अंतिम संस्कार**

प्रसिद्ध असमिया गायक जुबिन गर्गको अन्तिम संस्कार आज दिउँसो गुवाहाटीको सोनापुरमा गरिने भएको छ। अहिलेसम्म एक लाख भन्दा अधिक मानिसहरूले जुबिनलाई श्रद्धाञ्जली दिएका छन्। गुवाहाटीको अर्जुन भोगेश्वर बरुआ स्पोर्ट्स कम्प्लेक्समा उत्तरपूर्वका विभिन्न राज्यका मानिसहरूले महान गायकलाई अन्तिम श्रद्धाञ्जली दिए। असमका मुख्यमन्त्री हिमंत बिस्वा सरमाले जनताको मागमा जुबिन गर्गको शवको आज फेरि गौहाटी मेडिकल कलेज र अस्पतालमा पोष्टमार्टम गरिने बताउनु भएको छ। अंतिम संस्कारमा केन्द्रीय मन्त्री किरेन रिजिजु र विभिन्न राज्य सरकारका प्रतिनिधिहरू सहभागी हुनेछन्।

गत शुक्रबार सिंगापुरमा डुबेर जुबिन गर्गको मृत्यु भएको थियो।

**असम- बीटीसी चुनाव**

असममा बोडोलैण्ड प्रादेशिक निर्वाचन क्षेत्र (बीटीआर) को चुनावमा ७७.९ प्रतिशत मतदान भएको छ। यो चुनाव असमको तमुलपुर, कोकराझार, बक्सा, चिरांग, उदलगुरी र कोकराझारमा भएको थियो। ४० सदस्यीय परिषद चुनाउका लागि तीन हजार ३५९ मतदान केन्द्रमा मतदान भएको थियो। चुनावमा ३१६ उम्मेदवार चुनावी मैदानमा छन्। मतगणना शुक्रबार हुनेछ।

**हॉकी-जोहोर कप**

हकी इन्डियाले मलेसियामा हुने सुल्तान जोहोर कपका लागि १८ सदस्यीय जुनियर पुरुष हक्की टोलीको घोषणा गरेको छ। डिफेंडर रोहितलाई कप्तानको जिम्मेवारी दिइएको छ। प्रशिक्षक पीआर श्रीजेशले आगामी जुनियर विश्वकपका लागि यो प्रतियोगिता महत्वपूर्ण प्लेटफर्म भएको बताउदै खेलाडीका लागि अन्तर्राष्ट्रिय अनुभव प्राप्त गर्ने यो राम्रो अवसर भएको बताउनु भयो।